# भूकम्प पिडितको लागि ५ प्रतिशत ब्याज अनुदान प्राप्त हुने सहुलियतपूर्ण कर्जा

**सहुलियतपूर्ण कर्जा भनेको के हो ?**

२०७२ वैशाख १२ गते गएको महाभूकम्पले घर भत्किइ हालसम्म घर बनाउन नसकेका ब्यक्तिका लागि बैंक मार्फत प्रवाह हुने र नेपाल सरकारले भूकम्प पिडितको लागि ५ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने कर्जालाई सहुलियतपूर्ण कर्जा भनिन्छ ।

**यस्तो सहुलियतपूर्ण कर्जा कसको लागि प्राप्त हुने हो ?**

महाभूकम्पले घर भत्किइ राष्ट्रिय पूनर्निर्माण प्राधिकरणसँग निजी अवास पूनर्निर्माण वा प्रवलीकरणको लागि हालसम्म सम्झौता गर्न नसकेका वा सम्झौता गरी पहिलो किस्ता रू. ५० हजार रकम प्राप्तगरी दोश्रो किस्ता रकम प्राप्त नगरेका ब्यक्तिहरूका लागि सहुलियतपूर्ण कर्जा प्राप्त हुने हो ।

**यस्तो कर्जा कति रकम सम्मको पाईन्छ र कति अवधिको हुन्छ ?**

यस्तो कर्जा बढीमा रू. ३ लाखसम्मको पाईन्छ । यसको अवधि बढीमा ५ बर्षसम्मको हुन्छ।

**सहुलियतपूर्ण कर्जा लिनको लागि के धितो राख्नु पर्छ ?**

यसको लागि जुन घर बनाउने हो सोही घर र त्यस घरले चर्चेको जग्गा धितो राख्नु पर्दछ ।

**सहुलियतपूर्ण कर्जा लिनको लागि निवेदन कहाँ दिनुपर्छ ?**

यस्तो कर्जा लिनको लागि कुनैपनि वाणिज्य बैंक (Commercial Bank) मा निवेदन दिन सकिन्छ ।सम्भव भएसम्म सम्वन्धित पालिका भित्रका बैंकमा निवेदन दिंदा सहज हुन सक्छ । यस्तो कर्जा लिन –

सर्वप्रथम अनुसूची–१ अनुसारका कागजात तयार पार्ने । → त्यसपछि वडा कार्यालय गई अनुसूची–२ अनुसारका कागजात तयार पार्ने। → त्यसपछि नापी कार्यालय गई अनुसूची–३ अनुसारका कागजात तयार पार्ने । → अन्त्यमा अनुसूची–४ अनुसारका कागजात लिई बैंक जाने ।

### अनुसूची – १
**लाभग्राहीले तयार गर्नुपर्ने कागजातहरु :**

- नेपाली नागरिताको प्रतिलिपि र पासपोर्ट साईज फोटो ३ प्रति
- भूकम्प पिडित भनि राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणले प्रदान गरेको सम्झौता कार्ड (रातो)
- ऋण जमानीदाताको नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि र फोटो २ प्रति
- एकासगोल परिवारका सदस्यहरुको नागरिताको प्रमाणपत्रको प्रतिलिपि
- आयश्रोतको स्वःघोषणा कागजात

### अनुसूची – २
**वडा कार्यालयमा तयार गर्नुपर्ने कागजातहरु :**

- ऋणी वा सगोल परिवारको नाममा कुनै पनि स्थानमा बस्न योग्य घर नभएको व्यहोराको वडाबाट प्रमाणित सिफारिस
- वडा कार्यालयबाट हालसम्म निजी आवास अनुदानको दोश्रो किस्ताको लागि निवेदन नदिएको ब्यहोराको पत्र
- तिरो तिरेको रसीद, चारकिल्ला प्रमाणित, घर बाटो सिफारिस
- नगरपालिकामा घरको नक्शापास तथा भवन निर्माण अस्थायी अनुमति प्रमाणपत्र
- कर्जा सूचना केन्द्रको कालो सूचीमा नपरेको भनी गरिएको स्वघोषणा
- यदि आयश्रोत सिजनल (कृषि, पशुपालन, व्यापार आदि) भएमा वडाबाट प्रमाणित गराउने प्रचलन पनि रहेको छ।

### अनुसूची – ३
**नापी कार्यालयमा तयार गर्नुपर्ने कागजात :**

- लालपुर्जाको प्रतिलिपि लिएर जाने र प्रमाणित ब्लू प्रिन्ट तथा ट्रेस नक्सा तयार गर्ने ।

### अनुसूची – ४
**तयार गरिएका सवै कागजात लिई बैंक जाने :**

- कर्जा निवेदन फाराम भर्ने ।
- आवश्यक परेमा बैंकमा खाता खोल्ने ।

**सहुलियतपूर्ण कर्जा लिनको लागि निवेदन दिँदा कुन कुन कागजात संलग्न गर्नुपर्छ ?**
कर्जा लिनको लागि निवेदन दिँदा **अनुसूची - ५** अनुसारका कागजात संलग्न गरी निवेदन दिन सकिन्छ।

**यस्तो कर्जामा ब्याजदर कति तिर्नु पर्दछ ?**
ऋण दिने बैंकको आधार दर जति हो त्यसमा २ प्रतिशत ब्याज थप गर्दा हुने ब्याजमा नेपाल सरकारले ५ प्रतिशत ब्याजदर अनुदान दिँदा जति हुन आउँछ त्यति मात्र ब्याज तिरे पुग्दछ ।
**उदाहरण** - यदि बैंकको आधार दर ९.५ प्रतिशत छ भने त्यसमा २ प्रतिशत ब्याज थप गर्दा ११.५ प्रतिशत हुन आउँछ, जसमा नेपाल सरकारले अनुदान दिने ५ प्रतिशत घटाउँदा ऋण लिने व्यक्तिले ६.५ प्रतिशत मात्र ब्याज तिरे पुग्दछ ।

**अनुसूची - ५**
**आवास पूनर्निर्माणको लागि सहुलियत दरको ऋण लिनका आवश्यक कागजातहरुको विवरण:**

- कर्जा निवेदन (निवेदनको ढाँचा बैंकमा उपलब्ध हुनेछ)
- ऋण लिनको लागि फाराम भर्नु पर्ने (फाराम बैंकमा पाईन्छ)
- नेपाली नागरिताको प्रतिलिपि र पासपोर्ट साईज फोटो ३ प्रति
- भूकम्प पिडित भनि राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणले प्रदान गरेको सम्झौता कार्ड (रातो)
- ऋणी वा सगोल परिवारको नाममा कुनै पनि स्थानमा बस्न योग्य घर नभएको व्यहोराको वडा कार्यालयबाट प्रमाणित गरिएको कागजात
- कर्जा सूचना केन्द्रको कालो सूचीमा नपरेको भनी गरिएको स्वघोषणा
- ऋण जमानीदाताको नेपाली नागरिकताको प्रतिलिपि र फोटो २ प्रति
- एकासगोल परिवारका सदस्यहरुको नागरिताको प्रमाणपत्रको प्रतिलिपि
- भूकम्प पिडितले अनुदान सम्झौता गरेको वडा कार्यालयबाट हालसम्म निजी आवास अनुदानको दोश्रो किस्ताको लागि निवेदन नदिएको ब्योहोराको पत्र
- धितोको लागि आवश्यक लालपूर्जा, तिरो तिरेको रसीद, चार किल्ला प्रमाणित कागजात, घर बाटो सिफारिस, ब्लू प्रिन्ट, अव वनाउने घरको नक्शा ।
- आयश्रोतको स्व:घोषणा कागजात ।

**यस वारेमा थप जानकारी चाहिएमा कसलाई सम्पर्क गर्ने ?**
थप जानकारीको लागि देहाय वमोजिमका श्रोतहरू प्रयोग गर्न सकिन्छ ।

माथि उल्लेखित कर्जाका सम्बन्धमा विस्तृत जानकारी नेपाल राष्ट्रबैंकको वेवसाईट (https://www.nrb.org.np/bfr/circular/2075-76/2075_76_For_A_, B_&_C_Class--Circular_06-Interest_Subsidy_on_Subsidised_Loan.pdf) मार्फत प्राप्त गर्न सकिनुका साथै सो सम्बन्धी गुनासो सुनुवाईको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको **toll free number** नेपाल टेलिकम फोन प्रयोगकर्ताको लागि **१६६००१७२०००** र एनसेल फोन प्रयोगकर्ताको लागि **९८०१५७२१११** वा कार्यालय नम्वर **४२११४६७** मा सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।

अन्य जानकारीको लागि:
www.nra.gov.np